आज मिति २०८३ साल असोज महिना १६ गते शुक्रबारको दिन भिमाद नगरपालिका, तनहुँको आ
२०८३/०८४ को नगर कार्यपालिकाको पाँचौ वैठकका नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा
अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री ओमदत्त थापा | सदस्य | का. वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री | सदस्य | का. वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री शोभाखर पोखरेल | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| | | आमन्त्रित उपस्थिति | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री दिनेश कुमार तिम्मसिना | | लेखा अधिकृत |
| | श्री सुर्य प्रसाद पौडेल | | प्रशासकिय अधिकृत |

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प्रमाणित

२०८३।०६।१६

शोभाकान्त पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

**आर्थिक वर्ष २०८३/०८४ को पाँचौं नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरू**
**मितिः (२०८३/०६/१६)**

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,

२. नबप्रवर्तन साझेदारी परियोजनाको लागि अवधारणा पत्र सम्बन्धमा,

३. विविध

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८३/०५/२६ गते वसेको नगर कार्यपालिकाको आ.व. २०८३।०८४ को चौथो बैठकमा भएका निर्णयहरू समीक्षा गरिनुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू सिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक वर्ष २०८३/०८४ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश, पोखराको मिति २०८३/०६/०२ गते नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्वन्धी सूचना बमोजिम यस नगरपालिकामा सञ्चालन हुने गरी प्रस्ताव गरिएको **"स्वस्थ माटो, ताजा तरकारी, समृद्ध किसान परियोजना"** सम्वन्धी अवधारणा पत्र पेश गर्ने र सो परियोजनाको लागि प्रस्तावित रकम रु. १,००,३५,०००।- मध्ये २५ प्रतिशतले हुन आउने लागत रकम रु २५,२५,०००।- नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं.२ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश, पोखराको नवप्रवर्तन साझेदारी परियोजना अन्तर्गत यस नगरपालिकामा सञ्चालन हुने गरी प्रस्ताव गरिएको **"स्वस्थ माटो, ताजा तरकारी, समृद्ध किसान परियोजना"** कार्यन्वयनका लागि तपसिल बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन गर्नुका साथै यस कार्यालयका कृषि विकास शाखा प्रमुख उप-सचिव श्री सुस्मिता गौतमलाई फोकल पर्सन तोक्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| सूचना प्रविधि अधिकृत | सदस्य |
| परियोजना फोकल पर्सन (कृषि विकास शाखा प्रमुख) | सदस्य सचिव |

दधिराज सुवेदी
नगर प्रमुख